## मुक्तिनाथ दर्शन सेवा

दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे



## पोखरा साइडसिन सेवा

पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर



मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २६ ❑ अङ्क ३०२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ मंसिर ९ गते मंगबार ❑ 25 Nov. 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## विजयपुर पुलको प्रगति ७० प्रतिशत, सेतीको ५३

**रासस**
काठमाडौं, ८ मंसिर

पोखरा-मुग्लिन सडक विस्तार तथा स्तरोन्नति योजनाअन्तर्गत पोखरा महानगरपालिका-२६ स्थित विजयपुर खोलामा निर्माणाधीन पुलको भौतिक प्रगति ७० प्रतिशत पुगेको छ।



उक्त सडक योजनाको पश्चिम खण्डका प्रमुख इञ्जिनियर कृष्णबहादुर कुँवरका अनुसार आगामी दुई महिनाभित्र पुल सञ्चालनमा ल्याउने गरी निर्माणलाई तीव्रता दिइएको छ।

शनिबारदेखि पुलमा 'गिर्डर लञ्चिङ' को काम भइरहेको उहाँले बताउनुभयो । "अहिलेसम्म चार वटा गिर्डर लञ्चिङ भइसकेको छ, अझै ११ वटा गिर्डर लञ्चिङ गर्न बाँकी छ", प्रमुख कुँवरले भन्नुभयो, "गिर्डर लञ्चिङपछि पुलको स्लाब र दुवैतर्फको सडक ढलान हुन्छ ।" आउँदो बिहीबारसम्मलाई बिहान ६ देखि ८ बजेसम्म र दिउँसो १२ बजेदेखि २ बजेसम्म सडक बन्द गरेर 'गिर्डर लञ्चिङ' को काम गरिएको हो । सडक ठेक्काअन्तर्गत उक्त पुल निर्माण भइरहेको हो । चिनियाँ निर्माण कम्पनी यनहुई काइयुयान हाइवे एण्ड ब्रिज कन्सट्रक्सनले उक्त खण्डमा सडक विस्तार एवं स्तरोन्नति गरिरहेको छ । यस खण्डमा विजयपुर खोलासँगै सेती नदीमा पुल निर्माण भइरहेको छ। पोखरा-९ र १० लाई जोड्ने गरी सेती नदीमा निर्माणाधीन उक्त पुलको भौतिक प्रगति ५३ प्रतिशत पुगेको प्रमुख कुँवरले बताउनुभयो।

गत भदौमा तीनवर्षे ठेक्का अवधि सकिएको उक्त पुलको प्रगति न्यून देखिएको हो। विसं २०७९ साउनमा रसुवा कन्स्ट्रक्सनले पुल निर्माणको जिम्मा लिएको थियो । 'केबल-स्टेड' प्रविधिको उक्त पुलमा चार वटा जगको काम पूरा भइसकेको छ। चार वटा टावर निर्माणको काम अन्तिम चरणमा पुगेको प्रमुख कुँवरले जानकारी दिनुभयो। छ लेनको उक्त सडकका अहिले रहेको चाइना पुलको तल र माथि गरी आकर्षक बनावटका दुई वटा 'सिग्नेचर' पुल बन्ने उहाँको भनाइ छ। एसियाली विकास बैंकको ऋण सहयोगमा सडक विभागमार्फत उक्त पुल निर्माण भइरहेको हो । ५० वर्षअघि बनेको पृथ्वी राजमार्गअन्तर्गत पोखरा-मुग्लिन सडक विसं २०७८ वैशाखदेखि विस्तार तथा स्तरोन्नतिको काम सुरु गरिएको थियो । सडक स्तरोन्नतिसँगै विभिन्न ठाउँमा पुल निर्माण भइरहेका हुन्।

आयोजनाको पश्चिम खण्ड (पोखरा-जामुने) मा ११ पुल बनिसकेका छन् । तनहुँको म्याग्देखोला,कुम्लेखोला,ठाडेखोला, सम्धीखोला,मूलखोला,फेदीखोला-१, फेदीखोला-२, रुदीखोला, हलेदीखोला, कालीखोला र कास्कीको कोत्रेखोलामा पुल निर्माण सकिएको हो। "पश्चिम खण्डमा विजयपुर खोला र सेती नदी पुल मात्र निर्माणको चरणमा छ, अन्य पुल बनेर पनि सञ्चालनमा आइसकेका छन्", प्रमुख कुँवरले भन्नुभयो।

पोखरा-मुग्लिन सडकको पश्चिम खण्ड निर्माण यसै आवभित्र सक्ने लक्ष्य लिइएको छ । हालसम्म उक्त सडकको भौतिक प्रगति झण्डै ६१ प्रतिशत र वित्तीय प्रगति ५० प्रतिशत पुगेको प्रमुख कुँवरले बताउनुभयो । कूल ३८.८८ किमी दुरीको उक्त खण्डमा हालसम्म ३७.४ किमिमा एकतर्फी पहिलो तहको कालोपत्र, २९.६१ किमिमा दुईतर्फी (चार लेन) र ७.७९ किमि सडकमा एकतर्फी (दुई लेन) कालोपत्र भइसकेको जनाइएको छ।

## 'विकासका लागि सरकारको मात्रै मुख ताक्नुहुँदैन'

**पोखरापत्र संवाददाता**
तनहुँ, ८ मंसिर

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) उपाध्यक्ष डा स्वर्णिम वाग्लेले विकासका लागि सरकारको मात्रै मुख ताक्ने प्रवृत्तिको अन्त्य गरिनुपर्ने बताउनुभएको छ।

जिल्लाको व्यास नगरपालिका-१ स्थित रतौली टोल विकास संस्थाद्वारा जलेश्वर महादेव मन्दिरमा आयोजित श्रीमद् भागवत सप्ताह ज्ञानमहायज्ञमा सोमबार उहाँले विकासका लागि सबैले हातेमालो गर्नुपर्ने बताउनुभयो । उपाध्यक्ष डा वाग्लले भन्नुभयो, "धार्मिक पर्यटकीयस्थलका रूपमा विकास गर्न स्थानीयवासीले देखाएको कार्य अनुकरणीय छ । सबै कुरा सरकारले मात्रै गर्न सक्दैन । आफ्नो क्षेत्रको विकासका लागि आमनागरिक एकजुट भएर लाग्न आवश्यक छ ।" 'जेनजी' प्रदर्शनपछि मुलुक नयाँ मोडमा गएको चर्चा गर्दै उहाँले राजनीतिमा देखिएको विकृतिलाई सङ्ल्याउँदै अघि बढ्नुपर्नेमा जोड दिनुभयो । आफ्नो पार्टीले पटकपटक प्रतिनिधिसभामा यस विषयमा ध्यानाकर्षण गराउँदै आएको समेत उहाँले स्मरण गर्नुभयो। डा वाग्लेले युवा विदेश पलायन हुने कार्यलाई न्यूनीकरण गर्दै स्वदेशमै बसेर गरिखाने वातावरण सिर्जना गर्न सरकारले तदारुकता देखाउनुपर्नेमा जोड दिनुभयो। धर्मशाला, होम कुण्ड र शिव लिङ्ग कुण्ड निर्माण गर्ने उद्देश्यले यही मङ्सिर ६ देखि १३ गतेसम्म महायज्ञको आयोजना गरिएको महायज्ञ मूल समारोह समितिका संयोजक अभिमानसिं बस्नेतले जानकारी दिनुभयो।

## ११औँ महाधिवेशन नेतृत्व चयनमा केन्द्रित हुन्छ: महासचिव पोखरेल

**रासस**
काठमाडौं, ८ मंसिर

नेपाल कम्युनिष्ट पार्टी (एमाले) का महासचिव शङ्कर पोखरेलले पार्टीको ११औँ महाधिवेशन नेतृत्व चयनमा केन्द्रित हुनेको बताउनुभएको छ।

एमालेको ११औँ राष्ट्रिय महाधिवेशन प्रचार समितिको भेलालाई सोमबार सम्बोधन गर्दै महासचिव पोखरेलले पार्टीको नीति तथा कार्यक्रम विधान महाधिवेशनले गरेकाले मङ्सिर २७ गतेबाट हुने राष्ट्रिय महाधिवेशन नेतृत्व चयनमा केन्द्रित हुने बताउनुभयो । "महाधिवेशन प्रतिनिधि चयनदेखि नेतृत्व निर्माणसम्मका सबै प्रक्रिया लोकतान्त्रिक मूल्य-मान्यतामा आधारित रहेर हुने छन", उहाँले भन्नुभयो। महासचिव पोखरेलले अनुसार पार्टीको भावी कार्यदिशा, संरचना र विधानसम्बन्धी महत्वपूर्ण निर्णयहरू महाधिवेशनमै अन्तिम रूप पाइसकेका छन् । उहाँले पार्टीको ११औँ महाधिवेशनले प्रतिगमनको विरुद्ध निर्णायक भूमिका खेल्ने बताउनुभयो। "यो महाधिवेशन प्रतिगमन विरुद्धको निर्णायक राजनीतिक प्रक्रिया हुनेछ",उहाँलेभन्नुभयो।महासचिव पोखरेलले महाधिवेशनको उद्घाटन समारोहमा हुने जनप्रदर्शन अहिलेसम्मकै सबैभन्दा ठूलो ऐतिहासिक प्रदर्शन हुने दाबी गर्नुभयो। त्यसका लागि तलसम्म लाग्न पोखरेलले आग्रह गर्नुभयो।

उपमहासचिव प्रदीप ज्ञवालीले महाधिवेशनले राष्ट्रियता, सामाजिक विकास र पुनःनिर्माण जस्ता मूल राजनीतिक सवाललाई एजेण्डामा केन्द्रित गर्ने दाबी गर्नुभयो । उहाँले युवा पुस्ता, विशेषतः जेन-जेड मैत्री संरचना निर्माणमा महाधिवेशनमा जोड दिइने र महिलाको सहभागिता तथा नेतृत्व भूमिकामा उल्लेख्य वृद्धि हुने बताउनुभयो।

पार्टी प्रचार विभाग प्रमुख राजेन्द्र गौतमले महाधिवेशनमा बागमती प्रदेशलाई विशेष प्राथमिकता दिइएको बताउनुभयो। प्रदेश सङ्गठनलाई सुदृढ बनाउने र राजनीतिक अभियान प्रभावकारी बनाउने उद्देश्यसहित बागमतीलाई केन्द्रबिन्दु बनाइएको उहाँले बताउनुभयो।

## स्याङ्जामा ८ हजार २२५ मतदाता थपिए

**पोखरापत्र संवाददाता**
स्याङ्जा, ८ मंसिर

प्रतिनिधिसभा सदस्य निर्वाचन नजिकिँदै गर्दा स्याङ्जामा ८ हजार भन्दा बढि नयाँ मतदाता थपिएका छन् । सरकारद्धारा घोषित फागुन २१ गते हुने निर्वाचनका लागि सञ्चालन भएको मतदाता नामावली दर्ता अभियान अर्न्तगत जिल्लामा ८ हजार २२५ नयाँ मतदाता थपिएका हुन्।

राष्ट्रिय परिचयपत्र मार्फत मतदाता नामावलीमा नाम समावेश गर्न पाउने व्यवस्था मिलाएको एक हप्तामै ६ हजार भन्दा धेरै मतदाता थपिएका थिए । गएको असोज ९ देखि मंसिर ५ गतेसम्म नामावली दर्ता खुला गरिएकोमा कार्यालयमा पुगेर तथा राष्ट्रिय परिचयपत्र दुवै माध्यमबाट ८ हजार बढिले मतदाता नामावली दर्ता गराएका छन्। कार्यालयमै पुगेर एक हजार ८४१ जनाले नाम दर्ता गराएका छन् भने राष्ट्रिय परिचयपत्र मार्फत छ हजार ३८४ जनाले दर्ता गराएको जिल्ला निर्वाचन अधिकारी श्रीराम थापाले जानकारी दिए। राष्ट्रिय परिचयपत्र बनाएकाले सिधै अनलाइनबाटै नाम दर्ता गर्न सकिने भएपछि धेरै मतदाता परिचयपत्रबाटै दर्ता भएको निर्वाचन अधिकारी थापाले बताए । राष्ट्रिय परिचयपत्रको प्रयोगसँगैविदेशमारहेकाररोजगारको शिलसिलामा जिल्ला बाहिर बस्नेहरु लाभान्वित भएका छन्।

मंसिर २० गतेदेखि प्रारम्भिक मतदाता नामावली सार्वजनिक गर्ने तयारी गरिएको छ । त्यसपछिको अध्यावधिक प्रक्रिया गरेसँगै नाम दोहोरो परेका, कागजात तथा रित नपुगेका, मृत्यु भएकाहरुको विवरण अध्यावधिक पश्चात पुस १५ मा अन्तिम नामावली प्रकाशन गर्ने तयार गरिएको निर्वाचन कार्यालयले जनाएको छ । २०७९ सालमा भएको प्रतिनिधिसभा सदस्य निर्वाचनका क्रममा स्याङ्जामा दुई लाख ४४ हजार ८९ मतदाता रहेका थिए।

निर्वाचन आयोगले पछिल्लो पटक कार्तिकमा सार्वजनिक गरेको मतदाता नामावलीमा अघिल्लो निर्वाचनको तुलनामा घटेको दुई हजार ३९० मतदाता घटेको थियो । सार्वजनिक मतदाता नामावली अनुसार हाल जिल्लामा दुई लाख ४१ हजार ६९९ जना मतदाता छन्। पछिल्लो नामावली संकलनमा थपिएका ८ हजार २२५ नयाँ मतदाता सहितको नामावली अध्यावधिक पछिमात्रै कुल मतदाताको संख्या सार्वजनिक गरिने कार्यालयले जनाएको छ।


पुनः प्रकाशन

## शिक्षक आवश्यकता

यस कालिका पब्लिक कलेज पोखरा-१० रामबजारलाई तपशिल अनुसार शिक्षकहरु आवश्यक परेकाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकलाई आजको मितिले ०३ दिनभित्र कार्यालय समयमा कलेजमा उपस्थित भई आवेदन दिनुहुन यो विज्ञापन प्रकाशित गरिएको छ।

**बिषय : नेपाली शिक्षा**
**शैक्षिक योग्यता : सम्बन्धित बिषयमा कम्तीमा दोस्रो श्रेणीमा स्नाकोत्तर उत्तीर्ण**
**उमेर : ४५ वर्ष ननाघेको**
**बिषय : अर्थशास्त्र**
**शैक्षिक योग्यता : सम्बन्धित बिषयमा कम्तिमा दोस्रो श्रेणीमा स्नाकोत्तर उत्तीर्ण**
**उमेर : ४५ वर्ष ननाघेको**
**अनुभवी र कलेजमा पूर्णकालिन रुपमा काम गर्न सक्नेलाई बिशेष ग्राहेता दिइने छ।**
**आवेदन शुल्कः रु. ५००।- मात्र**
**छनौट प्रक्रिया : अर्न्तवार्ता र कक्षा अवलोकन**
**दरखास्त आइपुग्ने अन्तिम मिति : २०८२ साल मंसिर ११ गते बिहीबार ४ बजेसम्म।**

त्रिभुवन विश्वविद्यालय कालिका पब्लिक कलेज पोखरा २०६४

**कलेज प्रशासन**
**कालिका पब्लिक कलेज**
पोखरा-१०, रामबजार
**फोन नं. ०६१-५५२०३५, ४३४१४१, मो. ९८५६०७२५५२**
email: kalikapubliccollege@gmail.com



सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।

**हिमालय अफसेट प्रेस**
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# २५ औं आहा रारा पोखरा गोल्डकप माघ अन्तिम सातावाट हुने

**पोखरापत्र संवाददाता**
पोखरा, ८ मंसिर




देशकै प्रतिष्ठित फुटबल प्रतियोगितामध्ये एक आहा रारा पोखरा गोल्डकपको २५ औं संस्करण आगामी माघ २७ गतेदेखि पोखरामा हुने भएको छ।

पोखरा रंगशालामा आउदो फागुन ९ गतेसम्म उक्त प्रतियोगिता हुने भएको आयोजक सहारा क्लब पोखराले सोमबार पत्रकार सम्मेलनमार्फत जानकारी गराएको हो । हिमश्री फुड्सको मुख्य प्रायोजनामा सञ्चालन हुने प्रतियोगिताको मिति अखिल नेफा फुटवल संघले दिएका आधारमा आफुहरुले तयारी समेत सुरु गरेको क्लवका अध्यक्ष केशव बहादुर थापाले बताउनु भयो। प्रतियोगिताका संरक्षकमा पोखरा महानगरपालिका तथा सहयोगी संस्थाको रूपमा प्रदेश खेलकुद परिषद् गण्डकी लगायतका रहेका छन् । आहा रारा गोल्डकपमा ए डिभिजन, विभागीय, आयोजक तथा अन्तर्राष्ट्रिय क्लब गरी १० टिमको सहभागिता रहने भएको छ। रजत वर्ष विशेष भएकाले यसपटक पोखरा महानगरसँग भगिनी-सम्बन्ध भएका विभिन्न देशका शहरका टिमलाई समेत निम्त्याउने सम्भावनाबारे छलफल भइरहेको अध्यक्ष थापाले बताउनु भयो। "आहा रारा गोल्डकप सहारा एकेडेमीमा आश्रित बालकका लागि निरन्तर चल्दै आएको सहयोग अभियान हो," उहाँदले भन्नुभयो, "यो वर्ष पनि सबैको सहयोग र सहकार्यका लागि अनुरोध गर्दछौं।"

मुख्य प्रायोजक हिमश्री फुड्सका निर्देशक प्रकाश केसीले आफ्ना स्वर्गीय बुवासँग गोल्डकपको आत्मीय सम्बन्ध रहेकाले प्रायोजनको निरन्तरता दिने प्रतिबद्धता व्यक्त गर्नुभयो । पोखरा महानगरपालिका-९ का अध्यक्ष दिपेन्द्र मर्सानीले पोखराको नाम बेचेर स्वार्थ पूर्ति गर्ने प्रवृत्तिको आलोचना गर्दै गोल्डकपजस्ता प्रतिष्ठित कार्यक्रमले पोखराको पहिचान र गौरव बढाएको दाबी गर्नुभयो । महासचिव गंगाराज पौडेलले रजत वर्षको गोल्डकप भव्य रूपमा सफल बनाउन तयारी सुरु गरिएको बताउनु भयो । सहारा क्लबले गत कात्तिक १४ गते आयोजना गरेको च्यारिटी डिनर नाइटबाट १७ लाख ४१ हजार ६२६ रुपैयाँ बचत गर्न सफल भएको बरिष्ठ उपाध्यक्ष पूर्ण बहादुर गुरुङले बताउनु भयो । उक्त कार्यक्रमबाट २४ लाख १९ हजार १ सय ७७ रुपैया आम्दानी भएको उहाँले जनाउनु भयो।

कार्यक्रम सम्पन्न गर्न ६ लाख ७७ हजार ५ सय ५१ रुपैया खर्च भएको क्लवले जनाएको छ । अध्यक्ष थापाका अनुसार सो रकम सहारा एकेडेमीमा आश्रित विपन्न वर्गका बालकको शिक्षादिक्षा तथा हेरचाहमा खर्च गरिनेछ। हाल एकेडेमी सञ्चालनमा वार्षिक करिब ४२ लाख खर्च हुने र क्लबद्वारा स्थापना गरिएको अक्षयकोषमा ३ करोड ४७ लाख रुपैयाँ रहेको उहाँले जनाकारी गराउनु भयो।



कोदो खेतीः
लमजुङको मध्यनेपाल नगरपालिका-६ दोभान डाँडामा पाक्न लागेको कोदो खेती र पृष्ठभूमिमा देखिएको अन्नपूर्ण हिमशृखला। तस्बिरः देवेन्द्र गुरुङ/रासस

# पोखराको हरिचोक-याम्दी खण्ड स्तरोन्नति अन्तिम चरणमा

**पोखरापत्र संवाददाता**
कास्की, ८ मंसिर



मध्यपहाडी(पुष्पलाल) लोकमार्गको पोखरा खण्ड हुँदै दैनिक सयौं यात्रुवाहक तथा मालबाहक सवारीसाधन पोखराबाट देशको पश्चिम भागमा बाहिरिने र भित्रिने गर्दछन् ।

नेपालको पूर्वी जिल्ला पाँचथरबाट सुरु हुने राष्ट्रिय गौरवको मध्यपहाडी लोकमार्ग पोखराबाट-बाग्लुङ हुँदै पश्चिमी सिमाना बैतडीको झुलाघाट जोड्छ । कास्की खण्डमा पर्ने पोखरा महानगरपालिकाको हरिचोकदेखि याम्दीसम्मको निर्माणाधीन राजमार्गसमेत अहिले स्तरोन्नतिको अन्तिम चरणमा पुगेको छ । यस खण्डको काम अहिले लगभग सकिन लागेको छ। यस खण्डको ९० प्रतिशत काम पूरा भएको मध्यपहाडी राजमार्ग आयोजना कार्यालय पर्वतका इञ्जीनीयर किरण सुवेदीले जानकारी दिनुभयो। उहाँका अनुसार यस खण्डको निर्माण सकिएपछि यात्रु सहज रुपमा पोखरादेखि बागलुङहुँदै पश्चिम क्षेत्र जान र फर्कन सक्नेछन् ।"हरिचोक-याम्दी खण्डको मुख्य काम सकिएर पब्लिकलाई सेवा दिन तयार भएका छौं । कालोपत्रको काम सकिएर फिनिसिङको चरणमा छौं ।" इञ्जीनीयर सुवेदीले भन्नुभयो । उहाँका अनुसार सडकमा रेलिङ, व्यारियर र रोड सेफ्टीका केही काम मात्र अब बाँकी रहेको छ। इञ्जीनीयर सुवेदीका अनुसार यस खण्डमा अब जम्माजम्मी १० प्रतिशत काम बाँकी छ । विसं २०७९ साउन १४ गते यस खण्डको ठेक्का सम्झौता भएको थियो। मोतिदान कन्स्ट्रक्सन सेवा प्रालिसँग दुई वर्षमा काम सम्पन्न गर्ने सम्झौता थियो । तर निर्माण कम्पनीको ढिलासुस्ती तथा निर्माण क्षेत्रमा बिजुली र खानेपानीको पाइप स्थानान्तरण लगायतका प्राविधिक समस्याले काममा अवरोध आएको थियो। तोकिएको समयमा काम नसकिएपछि पहिलो पटक विसं २०८१ साउन १४ गते र दोस्रो पटक २०८१ चैत ५ गतेसम्म म्याद थप गरिएको थियो। यस खण्डको तेस्रो पटक थपिएको म्याद विसं २०८३ वैशाख मसान्तसम्म रहेको इञ्जीनीयर सुवेदीले बताउनुभयो। "तेस्रो पटक थपिएको म्यादभन्दा अगावै काम सकिने निश्चित छ । निर्माणको क्रममा केही प्राविधिक तथा निर्माण कम्पनीबाट ढिलासुस्तीसमेत भयो। कार्यालयबाट पटक पटक ताकेता भयो, स्थानीयवासी, जनप्रतिनिधि सबैको सहयोगबाट अब सम्पन्न हुने अन्तिम अवस्थामा पुगेको छ।" सुवेदीले भन्नुभयो । सडक निर्माणसँगै स्थानीयवासी भने उत्साहित भएका छन् । लामो समय धुलो र हिलोको सास्ती बेहोर्न परेका उनीहरु फराकिलो र सुन्दर सडक बनेसँगै खुसी भएका हुन । पोखरा सिमपानीका माधव पोखरेलले स्थानीयवासीले भोग्नुपरेको कष्ट हटेको भन्दै खुसी व्यक्त गर्नुभयो।

मध्यपहाडीको हरिचोक-याम्दी खण्ड निर्माण सम्पन्न भएसँगै देशको पश्चिम क्षेत्रमा मात्र नभइ साविकका धौलागिरि अञ्चलका चार जिल्ला तथा कास्कीका उत्तर पश्चिम भेगका नागरिकसमेत सहज सडक पूर्वाधारबाट लाभान्वित भएका छन्।

# होटल संघ र एनआरएल बीच स्वास्थ्यसेवा सम्बन्धी सम्झौता

**पोखरापत्र संवाददाता**
पोखरा, ८ मंसिर



होटल संघ पोखरा नेपाल र नेश्नल रेफरेन्स ल्याब्रोटरी (एनआरएल) विच प्रयोगशाला सम्वन्धि परीक्षणमा छुट प्रदान गर्न आपसी सम्झौता भएको छ।

एनआरएलले संघका सबै पदाधिकारी, साधारण सदस्य र परिवारका सदस्यहरुका लागि रगत र पिसाव सम्वन्धि जाँचमा ३५ प्रतिशत छुट दिने गरी आइतबार यो सम्झौता भएको हो । सम्झौतामा संघका अध्यक्ष लक्ष्मण सुवेदी र एनआरएल पोखरा नयाँ सडकको मार्केटिङ प्रमुख समिता आचार्यले हस्ताक्षर गरेका छन् । उल्लेखित छुटका अतिरिक्त संघ अन्तर्गतका होटलमा कार्यरत कर्मचारीका लागि २० प्रतिशत छुट प्रदान गर्ने सहमति पनि भएको संघका अध्यक्ष लक्ष्मण सुवेदीले जानकारी दिए।

होटल संघ परिवारका तर्फबाट सिफारिस भएर आउने सेवाग्रहीले पनि पाँच देखि सात प्रतिशत छुट पाउने छन्। पोखरामा नहुने र बाहिर पठाउनुपर्ने नमुनाको प्रयोगशाला सम्वन्धि परीक्षणमा भने १५ प्रतिशत मात्र छुट प्रदान गरिने सम्झौतामा उल्लेख गरिएको छ। १२ बर्ष अघिदेखि पोखरामा सेवा दिन थालेको एनआरएलले प्रयोगशाला सम्वन्धि गुणस्तरीय परीक्षणमा जोड दिंदै आएको मार्केटिङ प्रमुख आचार्यले जानकारी दिइन्।

# लेखनाथ महोत्सवमा स्टल बुकिङ खुल्ला

**पोखरापत्र संवाददाता**
पोखरा, ८ मंसिर

लेखनाथ, ८ मंसिर । लेखनाथ उद्योग वाणिज्य संघले यहि पुष ३ गते देखि १४ गते सम्म आयोजना गर्ने २१ औ संस्करणको लेखनाथ महोत्सवका लागी स्टल बुकिङ खुल्ला गरेको छ। पहिलो चरणमा संघका सदस्यहरुका लागी लक्षित गरि मंसिर ८ गतेबाट स्टल बुकिङ खुल्ला गरिएको स्टल व्यवस्थापन तथा निर्माण समितिका संयोजक भरत थापाले जानकारी दिए। अन्य व्यवसायीहरुका लागी भने दोश्रो चरणमा मंसिर १५ गतेबाट स्टल बुकिङ खुल्ला गरिने थापाले वताए।

यस क्षेत्रको समग्र आर्थिक तथा सामाजिक उत्थानको लागि "महोत्सव लेखनाथको सस्कृति, स्थानीय उत्पादन, विकास र संमृद्धि" भन्ने मुल नाराका साथ आयोजीत महोत्सवमा कृषि तथा स्थानिय उत्पादनका स्टललाई प्राथमिकता दिईने र स्वदेशी उत्पादनहरुको प्रर्वद्धनको लागी मेड ईन नेपाल अर्न्तगत केही स्टलहरुको व्यवस्थापन गरिने संयोजक थापाले जानकारी दिए। महोत्सवमा राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरका लघु, घरेलु, साना-ठूला औद्योगिक तथा व्यापारिक प्रतिष्ठानहरुका वस्तु तथा सेवा, हस्तकला, यातायातका साधनहरु, कृषि तथा पशुजन्य वस्तुहरु, विद्यालय स्तरीय शैक्षिक एवं विज्ञान सामाग्री, सुचना र सञ्चार प्रविधिमा भएका नयाँ आयामहरुको जगेर्ना, नयाँ प्रतिभाको खोजी अभियान, सांस्कृतिक जगेर्ना कार्यक्रम लगायतका थुप्रै कार्यक्रमहरु समावेश गरिएको र यसबाट स्थानीय उत्पादनको बजारीकरण, नयां प्रविधि तथा सिपको हस्तान्तरण, साहित्य, कला र संस्कृतिको जगेर्ना तथा आन्तरिक एवं बाह्य पर्यटक प्रवर्द्धनमा टेवा पुग्ने संघका अध्यक्ष एवं महोत्सवका संयोजक जानुका पराजुली अधिकारीले जानकारी दिईन । विगत २०६१ साल देखि अनवरत रुपमा सञ्चालन हुदै आइरहेको महोत्सवले हालको विषम परिस्थितिका कारण शिथिल अवस्थामा रहेको देशको अर्थतन्त्रलाई चलायमान बनाउदै उत्पादक र उपभोक्तालाई एउटै थलोमा जमघट गरि यस क्षेत्रको आर्थिक गतिविधि बढाउने र आन्तरिक एंव बाह्य पर्यटकहरुलाई आकर्षण गरि आन्तरिक पर्यटनलाई सहयोग पुऱ्याउने प्रचार प्रसार समितिका संयोजक ध्रुबवावु भट्टराईले वताए । लेखनाथ उद्योग वाणिज्य संघ र नेपाल उद्योग वाणिज्य महासंघको संयुक्त आयोजनामा हुने २१ औं संस्करणको महोत्सवलाई गृहलक्ष्मी ग्यास कम्पनी प्रा.लि.ले मुख्य प्रायोजन गरेको छ भने सह-प्रायोजकमा बिएलसि ग्रुप (नर्भिक हस्पिटल, पशुपति विस्कुट, हेटौडा डेरी र प्रर्वद्धकमा पोखरा महानगरपालिका र नेपाल पर्यटन वोर्ड रहेको महोत्सवका प्रायोजक व्यवस्थापन उप-समितिका संयोजक विक्रम कर्माचार्यले जानकारी दिए।

# मिस तामाङ पोखरा-२०२६ तयारी सुरु, तामाङ समुदायबीच छलफल

**पोखरापत्र संवाददाता**
पोखरा, ८ मंसिर

दशौं मिस तामाङ पोखरा-२०२६ का लागि तयारी औपचारिक रूपमा सुरु भएको छ । तयारीका लागि पोखरा महानगरभित्र रहेका विभिन्न तामाङ घेदुङ इकाइहरू बीच छलफल कार्यक्रम सम्पन्न भएको समाजले जनाएको छ । सोनाम ल्होसारको अवसरमा बैदाम तामाङ सेवा समाजको आयोजनामा हरेक वर्ष मिस तामाङ पोखरा हुने गर्दछ।

बैदाम तामाङ सेवा समाजका अध्यक्ष ज्याक तामाङको अध्यक्षतामा सम्पन्न उक्त छलफल कार्यक्रममा तामाङ घेदुङ गण्डकीका उपाध्यक्ष रामबहादुर ब्लोन (शिबु) ले महिला शिक्षित भए परिवार शिक्षित हुन्छ, परिवार शिक्षित भए समाज र देश शिक्षित हुन्छ भन्ने अवधारणालाई मिस तामाङ प्रतियोगितासँग जोडेर व्यक्त गरे । नेपाल जेसिसका पूर्व अध्यक्ष राजु केसीले नारी शिक्षाले घर-समाज र देशलाई समृद्ध बनाउने भन्दै नारी क्षमता विकास, नेतृत्व निर्माण र आत्मविश्वास वृद्धि मिस तामाङ पोखराले पुऱ्याउँदै आएको योगदानमा जोड दिए।

रेडियो अन्नपूर्णका स्टेशन म्यानेजर सञ्जय मल्लले तामाङ समुदायका छोरी-चेलीलाई आफ्नो पहिचान, प्रतिभा र सांस्कृतिक ज्ञान सहित अगाडि बढ्ने अवसर दिलाउने यो कार्यक्रम समुदायको सम्पत्ति हो भने । उनले यदि हामीले आफ्ना परम्परा, कला, भाषा र संस्कृति नयाँ पुस्तामा हस्तान्तरण नगर्ने हो भने मौलिकता नै हराउने खतरा रहेकोमा जोड दिए।

वक्ता र सहभागीहरूले मिस तामाङ प्रतियोगिता केवल सौन्दर्य प्रतियोगिता मात्र नभई सांस्कृतिक संरक्षण, नेतृत्व क्षमता विकास, र समुदायको अन्तरपीढीगत सम्बन्ध मजबुत पार्ने महत्वपूर्ण माध्यम भएको बताएका छन् । छलफलमा संयोजक रोशिला ब्लोन, तामाङ बौद्ध सेवा समितीका अध्यक्ष विष्णु तामाङ, तामाङ घेदुङ पोखरा महानगरका कार्यबाहक अध्यक्ष अन्जना तामाङ, कार्यक्रमका कोरियोग्राफर जिता लामा लगायतले मिस तामाङ पोखराको महत्व, यसको सांस्कृतिक योगदान र प्रतिभा उजागर गर्ने भूमिकामाथि आ-आफ्नो धारणा व्यक्त गरेका छन् । माघको ३ गते पोखरामा हुने मिस तामाङ पोखरा-२०२६ मा पोखराका अभिभावक र तामाङ समुदायलाई आफ्ना छोरी-चेलीलाई सहभागी गराई नयाँ कुरा सिक्ने, आत्मविश्वास बढाउने र क्षमता उजागर गर्ने उत्कृष्ट अवसर दिन बैदाम तामाङ सेवा समाजका अध्यक्ष ज्याक तामाङले अनुरोध गरेको छ।


## महिला हिंसा अन्त्य गरौं ।

- महिला हिंसा जहाँसुकै र जो सुकैबाट पनि हुन सक्छ, सचेत होऔं,
- महिलामाथि शारीरिक, मानसिक, आर्थिक र सामाजिक रुपमा हिंसा हुन सक्छ,
- कुनै प्रकारको हिंसा भएमा उजागर गर्ने हिम्मत गरौं,
- हिंसामा परे तत्काल कानूनी सहायता लिऔं,
- कानूनी सहायता र सहयोगका लागि महिला हेल्पलाइन (११४५) मा सम्पर्क गरौं,
- घर-परिवार, विद्यालय, कार्यालय र समाजमा समान व्यवहार गरौं,
- महिला अधिकार र सम्मानको संरक्षणमा सबै जिम्मेवार बनौं,
- हिंसामुक्त घर तथा समाज निर्माणमा जिम्मेवार होऔं,
- महिला हिंसा विरुद्ध शून्य सहनशीलता अपनाऔं।

महिला हिंसा विरुद्धको १६ दिने अभियान सफल पारौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरूका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

केवल कर्महीन नै यतो हुन्छन जो भाग्यलाई फुकाउँछन र उसँग गुनासोको बाहुल्यता रहन्छ। – गौतम बुद्ध

## सम्पादकीय

# कांग्रेसमा खेल्ने काम नगर

नेपाली कांग्रेसमा विशेष महाधिवेशन माग गरेका नेताहरूले राष्ट्रपति रामचन्द्र पौडेललाई भेटेर कुराकानी गरेका छन् । शीतल निवासमा सोमबार विशेष महाधिवेशन पक्षधर नेताहरू र राष्ट्रपति पौडेलबीच करिब सवा घन्टा छलफल भएको हो । राष्ट्रपतिसँगको छलफलमा समसामयिक राजनीतिक घटनाक्रम, आगामी चुनाव र दलहरूले खेल्नुपर्ने भूमिका बारेमा चर्चा भएको थियो । 'देशको वर्तमान परिस्थिति, दलहरूले खेल्नुपर्ने भूमिका र अपनाउनुपर्ने संयमता लगायतका विषयमा राष्ट्रपतबै कुरका लागि दलका नेताहरूलाई भेटघाटका लागि मैले आग्रह गरेको छु भनेर राष्ट्रपतिज्यूले भन्नुभयो ।

राष्ट्रपति पौडेलले प्रजातन्त्रलाई आफ्नो मार्गमा फर्काउनुपर्ने सबैभन्दा ठूलो दायित्व रहेको बताएका थिए । 'प्रजातन्त्रलाई ट्र्याकमा फर्काउनुपर्ने दायित्व छ, संविधान सुचारू गर्न र लोकतान्त्रिक शासन प्रणालीलाई अघि बढाउन निर्वाचनमार्फत् गठन हुने सरकार आजको आवश्यकता हो, नेपाली कांग्रेसले निर्वाचनमा भाग लिने निर्णय गरेर सकारात्मक पहलकदमी लिएको छ,' राष्ट्रपति पौडेलले कांग्रेसका नेताहरूसँग भनेका थिए । साथै राष्ट्रपतिले एकताबद्ध भएर दलहरू निर्वाचनकै निम्ति तयारी र काम गर्नुपर्नेमा जोड दिएका छन।काङ्ग्रेस संस्थापन इतरका र विषेश महाधिवेशन माग गर्ने नेताहरुले प्रधानमन्त्री सुशीला कार्कीलाई भेटेर काङ्ग्रेसको अवस्था जानकारी गराउनुका साथै निकासका लागि सहयोग खोजेका छन।पार्टीका समस्या राष्ट्रपतिलाई सकृय बनाउन खोज्नु राम्रो भविष्यको लागि होइन ।

पार्टीमा १५ औं महाधिवेशनको प्रक्रिया समयमै अघि बढ्न नसकेकोले विशेष महाधिवेशन माग गर्नुपर्ने अवस्था देखिएको कुरा नेताहरूले राष्ट्रपतिसमक्ष सुनाएका थिए । 'समयमै १५ औं महाधिवेशन नहुने देखेर हामी ५४ प्रतिशतले विशेष महाधिवेशनको माग राखेका छौं, यो पार्टीको विधान भित्रकै व्यवस्थाअनुसार राखेको माग हो भन्ने कुरा हामीले राष्ट्रपतिज्यूसमक्ष राख्यौं,' उनले भने, 'यो झगडा र द्वन्द्वको भन्दा पनि विधानकै व्यवस्था हो ।' विशेष महाधिवेशन गर्न ५४ प्रतिशत महाधिवेशन प्रतिनिधिको हस्ताक्षर रहेको र अझै धेरै महाधिवेशन प्रतिनिधिको समर्थन रहेको कुरा पनि आफूहरूले राखेको उनले जानकारी दिए । विशेष परिस्थितिमा पार्टीलाई निकास दिन विकल्पका रूपमा विशेष महाधिवेशन माग गरिएको नेताहरूको भनाइ छ । 'यो विशेष महाधिवेशन हाम्रा नेताहरू बिपी कोइराला र सुवर्ण शम्शेरले पनि अख्तियार गरेको बाटो हो, यो कुनै झगडा, द्वन्द्व, विभाजन र विखण्डनको बाटो होइन,' नेताहरूले राष्ट्रपतिसमक्ष भनेका छन् ।

'मंसिर मसान्तसम्म यो कार्यसमितिको चार वर्षे कार्यकाल छ, त्यसपछि म्याद थप गर्न हुँदैन, अहिले नियमित महाधिवेशन हुने अवस्था देखिन्न, त्यसैले विशेष महाधिवेशन मागढढ सान्दर्भिक बन्दै गइरहेको छ,' नेता तिमल्सिनाले भने, 'अहिलेको नीति र नेतृत्व बदलेनौं भने हामीले राम्रो नतिजा ल्याउन सक्दैनौं भन्ने कुरा हामीले राख्यौं ।' आमकार्यकर्ता, नेता र मतदाताको चाहनाअनुसार नीति र नेतृत्व परिवर्तन गर्न विशेष महाधिवेशन आयोजना गर्न असोज २९ गते नै कार्यवाहक सभापति पूर्णबहादुर खड्कालाई हस्ताक्षर बुझाइएको कुरा नेताहरूले राष्ट्रपतिलाई सुनाएका थिए । विशेष महाधिवेशन माग गरेका नेताहरूको यति कुरा सुनेपछि राष्ट्रपति पौडेलले यसबारे पनि केही बोलेका थिए । 'कुनै पनि पार्टी भित्रको आन्तरिक विषयमा मैले बोल्न मिल्दैन, पक्ष वा विपक्ष लिन पनि मिल्दैन, तपाईंहरू आपसी सल्लाह गरेर उपयुक्त बाटो के हुन्छ, जे ठिक लाग्छ त्यसअनुसार अघि बढ्नु,' राष्ट्रपति पौडेलका भनाइ उद्धृत गर्दै तिमल्सिनाले भने, 'पार्टीभित्र सबैसँग सल्लाह गर्नुस्, त्यसअनुसार अघि बढ्नुहोस्, विग्रहलाई प्राथमिकता नदिनुहोस् ।'

राष्ट्रपति पौडेलले पार्टीभित्रका विषय टुंग्याएर निर्वाचनमा केन्द्रित हुन पनि कांग्रेसका नेताहरूलाई आग्रह गरेका थिए । कांग्रेसले एक महिनाभन्दा लामो समयसम्म केन्द्रीय समिति बैठकमा छलफल गरे पनि चुनावअघि वा पछि कहिले महाधिवेशन गर्ने, नियमित वा विशेष कुन महाधिवेशन गर्ने भन्ने निष्कर्ष निकाल्न सकेको छैन। त्यसका लागि निर्णय गर्न भन्दै मंसिर ११ गतेका लागि केन्द्रीय समिति बैठक बोलाइएको छ । यसबीचमा महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले पुसभित्र नियमित महाधिवेशन गर्न नसक्ने हो भने विशेष महाधिवेशनको विकल्प नहुने बताइरहेका छन् । नेता शेखर कोइरालाले पनि केन्द्रीय समितिबाट सर्वसम्मत निर्णय गरेर विशेष महाधिवेशनमा जान सकिने बताएका छन् ।

तर सभापति शेरबहादुर देउवा पक्ष महाधिवेशन मितिबारे एकमत छैन । देउवानिकट २७ जना केन्द्रीय सदस्य चुनावअघि महाधिवेशन गर्नुपर्ने पक्षमा छन् भने ८० जनाभन्दा बढी केन्द्रीय सदस्य चुनावपछि वैशाखमा महाधिवेशनका पक्षमा छन् । फेसबुकमा पोस्ट गर्दै महामन्त्री गगन थापाले अब विशेष महाधिवेशन हुने बताएका छन् । केन्द्रीय समिति बैठक स्थगित गरेर कार्यवाहक सभापति खड्काले सहमति प्रयास गरिरहेका छन् । सभापति देउवा पक्षका २७ केन्द्रीय सदस्यले विशेष महाधिवेशन पक्षधरसँग कुराकानी गरेका थिए भने ८० बढी केन्द्रीय सदस्य धुम्बाराहीमा छलफलमा जुटेका थिए । विशेष महाधिवेशन पक्षधरले मंसिर १० गते काठमाडौंमा भेला बोलाएका छन् । काङ्ग्रेस कठिन अब पनि नचेत्ने नेपालीको पहिचान जस्तै बनेको छ । यस्तो विवादास्पद काम नगरी पार्टीलाई एकताबद्ध बनाउनु नेतृत्वको कुशलता हुनेछ ।

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : स्वास्थ्यमा सुधार | तुला | : शारीरिक झमेला |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : मानसिक तनाब |
| मिथुन | : कार्यमा सफलता | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : सहयोग मिल्नेछ | मकर | : शत्रुको भय |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : झमेला बढ्ने |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : शुभ यात्रा |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# बागलुङमा थपिए पाँच हजार ३९३ मतदाता

**पोखरापत्र संवाददाता**
बागलुङ, ८ मंसिर

आगामी २१ फागुनको निर्वाचनका लागि बागलुङमा पाँच हजार ३९३ जना नयाँ मतदाता थपिएका छन् ।

सरकारले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई लक्षित गरी गत असोज १० गतेदेखि मङ्सिर ५ गतेसम्म मतदाता नामावली सङ्कलन गरेको हो । जिल्ला निर्वाचन कार्यालय बागलुङका अनुसार जिल्लामा यसभन्दा अगाडि एक लाख ८९ हजार १७३ जना मतदाता थिए । बायोमेट्रिक विधिबाट कार्यालयमै आएर एक हजार ४६४ जना र राष्ट्रिय परिचयपत्रका आधारमा तीन हजार ९२९ गरी पाँच हजार ३९३ जना नयाँ मतदाता थपिएको जिल्ला निर्वाचन अधिकारी यज्ञप्रसाद रिजालले जानकारी दिनुभयो । १०० जनाको बाह्य दर्तासमेत गरेको रिजालले बताउनुभयो । राष्ट्रिय परिचयपत्रका आधारमा फोटोसहितको मतदाता नामावलीमा महिला र पुरुष छुट्टाउने काम भइरहेको निर्वाचन अधिकारी रिजालको भनाइ छ । उहाँले निर्वाचन कार्यालयमा नाम दर्ता गराउन युवापुस्तामा मतदाताको उत्साहजनक सहभागिता रहेको बताउनुभयो । आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि निर्वाचन कार्यालयले नयाँ मतदाताको नाम दर्ता गर्ने, त्रुटि सच्याउने, स्थान परिवर्तनलगायत काम गर्दै आएको रिजालको भनाइ छ । उहाँले भन्नुभयो, "यसपाली मतदाता नामावलीमा नाम दर्ता गर्ने धेरै जसो युवाहरू हुनुहुन्छ, कतिपयले यहाँबाट नामसारी गर्नुभयो, कार्यालयमा आएर दर्ता गर्नेभन्दा राष्ट्रिय परिचयपत्रबाट अनलाइनमार्फत गर्ने सङ्ख्या बढी देखियो, अहिले अनलाइनबाट दर्ता भएका महिला र पुरुषको सङ्ख्या छुट्टाउने प्रक्रियामा छौं ।"

नेपाली नागरिकता प्राप्त गरेर १८ वर्ष उमेर पूरा भएका नेपाली नागरिकले आफ्नो नाम मतदाता नामावलीमा दर्ता गराउन सक्ने व्यवस्था छ । उमेर पुगे पनि विभिन्न कारणले विदेशमा काम गर्ने, पढाइ र कामको सिलसिलामा बाहिर रहेका मतदातालाई लक्षित गरेर जेनजी समूहको मागअनुसार सरकारले मङ्सिर ५ गतेसम्म मतदाता नामावली सङ्कलन गरेको हो ।

# औद्योगिक ग्राम सात वर्षदेखि अलपत्र

**पोखरापत्र संवाददाता**
पर्वत, ८ मंसिर

'एक पालिका एक औद्योगिक ग्राम' कार्यक्रमअन्तर्गत पर्वतको कुश्मास्थित पाङमा निर्माणाधीन औद्योगिक ग्राम सात वर्षदेखि अलपत्र परेको छ । कुश्मा नगरपालिका-१ पाङमा २०७६ सालमा सुरु गरिएको औद्योगिक ग्राम योजना बजेट अभाव तथा कानुनी झमेलाका कारण अलपत्र परेको हो ।

औद्योगिक ग्रामका लागि आवश्यक जग्गा अधिग्रहण गरी सम्याउने, तारबार लगाउने र पहुँचमार्ग निर्माण गर्ने काम गरिएको भएपनि वन क्षेत्रसम्बन्धी कागजी प्रक्रिया, स्थानीय सहमति र प्रशासनिक ढिलासुस्तीका कारण काम अघि बढ्न नसकेको कुश्मा नगरपालिकाले जनाएको छ । परामर्शदाता छनोट, बोलपत्र आह्वानलगायतका कानुनी प्रक्रिया पूरा गरी २०७६ साल फागुनमा वडा नं १ मा रहेको नेपाने सामुदायिक वन समूहसँग सहमति लिएर काम सुरु भए पनि विभिन्न बाधाव्यवधानका कारण अपेक्षिति परिणाम आउन नसकेको नगरपालिकाले स्पष्ट गरेको छ । औद्योगिक ग्राम निर्माणका लागि १८० रोपनी जग्गा अधिग्रहण गरी काम अघि बढाइएकामा सामुदायिक वनका रुखहरू मासिएको भन्दै डिभिजन वन कार्यालयमा उजुरी परेपछि प्रारम्भिक चरणमै काम रोकिएको हो । कुश्मा नगरपालिका-१ का अध्यक्ष खगराज पौडेलका अनुसार नगरको प्राथमिकतामा उद्योग ग्राम निर्माण भए पनि वन तथा वातावरण मन्त्रालय एवं सरोकारवालामाझ समन्वय अभावका कारण योजना स्थगित भएको हो । स्थानीय जनप्रतिनिधिले पनि सङ्घ-प्रदेश र नगरबीचको समन्वय अभाव, ढिलासुस्ती र विविध कागजी प्रक्रियाले योजना रोकिएको बताएका छन् । औद्योगिक ग्राम निर्माणमा लामो समयसम्म भएको अवरोध हटाउन चाँडै प्रभावकारी पहल गर्नुपर्ने सरोकारवालाको माग छ । कुश्मा नगरपालिकाका नगरप्रमुख रामचन्द्र जोशीले निर्माणाधीन औद्योगिक ग्रामलाई पूर्णता दिने पक्षमा पहल भइरहेको र सङ्घ तथा प्रदेश सरकारसँग बजेट माग गरिएको बताउनुभयो । प्रमुख जोशीले बनको समस्यासहित आवश्यक बजेट अभावका कारण एक पालिका एक औद्योगिक ग्राम कार्यक्रम अपेक्षा गरिएअनुसार अघि बढ्न नसकेको स्पष्ट गर्दै कानुनी प्रक्रियामा अड्चन नआए र माग गरिएअनुसार बजेट विनियोजन भए सो योजना सफल हुने धारणा व्यक्त गर्नुभयो ।

# दृष्टिविहीन उपविजेता टोलीलाई प्रधानमन्त्री कार्कीको बधाई

**रासस**
काठमाडौं, ८ मंसिर

प्रधानमन्त्री सुशीला कार्कीले दृष्टिविहीन महिला टी-२० विश्वकपमा उपविजेता भई नेपाल र नेपालीको शिर उच्च राख्न सफल टोलीलाई बालुवाटारमा बोलाएर बधाई ज्ञापन गर्नुभएको छ ।

प्रधानमन्त्री निवास बालुवाटारमा खेलाडी र सम्बद्ध पक्षलाई बोलाएर उहाँले पहिलो दृष्टिविहीन महिला टी-२० क्रिकेट विश्वकपमा इतिहास रचेकामा बधाई दिनुभएको हो । यो उपलब्धि नेपाली खेलकुदकै लागि ऐतिहासिक र गौरवको विषय भन्दै प्रधानमन्त्री कार्कीले दृष्टिविहीन महिला क्रिकेट टोलीलाई थप उत्तरोत्तर प्रगतिको कामना गर्नुभयो । "तपाईंहरूको कडा परिश्रम, सामूहिक भावना र दृढ संकल्पका कारण यो उपलब्धि प्राप्त भएको हो", उहाँले भन्नुभयो, "तपाईंहरू हरेक खेलाडी र अफिसियल यस उपलब्धिको हकदार हुनुहुन्छ । अर्कोपल्ट च्याम्पियन बन्ने गरी लाग्नुहोस् ।"प्रधानमन्त्री कार्कीले आफ्नै पहलमा खेलाडीले देखाएको प्रतिभा सराहनीय रहेको उल्लेख गर्दै यसमा सरकारले लगानी गर्न सकेमा अझै प्रगति हुने बताउनुभयो । अब सरकारका तर्फबाट गर्न सकिने सहयोगबारे सम्बन्धित मन्त्रालय र निकायसँग छलफल गर्ने उहाँको प्रतिबद्धता थियो । प्रशिक्षक पुरनसिंह खत्री र कप्तान गीता पौडेल नेतृत्वको नेपाली टोली हालै श्रीलङ्कामा भएको प्रतियोगितामा दोस्रो भएको हो ।

# स्याङ्जामा खेतीयोग्य जमिनको क्षेत्रफल घट्यो

**पोखरापत्र संवाददाता**
स्याङ्जा, ८ मंसिर

स्याङ्जा जिल्लाको कुल क्षेत्रफल एक लाख १६ हजार चार सय हेक्टर हो । कुल क्षेत्रफलको कृषियोग्य जमिन ७२ हजार ७३१ हेक्टरमध्ये ५० हजार ३५० मा खेती गरिन्छ भने २२ हजार ३८१ हेक्टर जमिनको क्षत्रेफल बाँझो छ । खेतीयोग्य जमिन बाहेक कुल क्षेत्रफलमा बाँकी रहेको ४३ हजार ६६९ हेक्टर जमिन वनजंगल, बुट्याँन, चरन क्षेत्र हुन् । यही तथ्याङ्क जिल्लास्थित सरकारी निकायले प्रकाशन र वस्तुगत विवरणमा उल्लेख गर्दै आएका छन् ।

त्यही तथ्याङ्कलाई माथ खुवाउने गरी पछिल्लो समय स्याङ्जामा खेतीयोग्य जमिनको क्षेत्रफलसँगै उत्पादन घटेको तथ्याङ्क सार्वजनिक गरिएको छ । कुल खेतीयोग्य जमिन ७२ हजार ७३१ बाट घटेर ३४ हजार ८६१ हेक्टर क्षेत्रफलमा झरेको पछिल्लो आर्थिक वर्ष २०८१/०८२ को तथ्याङ्कमा उल्लेख छ । खेती गरिने जग्गाको क्षेत्रफल ५० हजार ३५० बाट घटेर २८ हजार २८२ हेक्टरमा सिमिति भएको छ तर मुख्य खाद्यान्न बाली सहित फलफूल लगाउने जमिनको क्षेत्रफल भने ३२ हजार ७६९ हेक्टर रहेको सार्वजनिक गरिएको हो । जिल्लामा मुख्यबाली बर्खेधान, चैतेधान, मकै, गहुँ, कोदो र दलहन बाली लगाउने जग्गाको क्षेत्रफल र उत्पादनमा गिरावट आएको छ भने आलु, फलफूल, तरकारी, मसला र तेलहन बाली लगाउने जमिनको क्षेत्रफलसँगै उत्पादनमा वृद्धि भएको पछिल्लो आर्थिक वर्षलाई अध्ययन गरेर कृषि ज्ञान केन्द स्याङ्जाले सार्वजनिक गरेको तथ्याङ्कमा उल्लेख छ । आर्थिक वर्ष २०७८/०७९ को तथ्याङ्कले मुख्य बालीतर्फ बर्खेधान १५ हजार १४७ हेक्टरमा ५६ हजार ४३ मेट्रिकटन उत्पादन हुँदै आएकोमा पछिल्लो तथ्याङ्क अनुसार ९ हजार ७२ हेक्टरमा ३६ हजार ५६० मेट्रिकटन धान उत्पादन हुँदै आएको जनाइएको छ । एक हजार २४० हेक्टर क्षेत्रफलमा चार हजार ७१२ मेट्रिकटन उत्पादन हुँदै आएको चैतेधान ६७ हेक्टरमा ३०६ मेट्रिकटन मात्रै उत्पादन हुने गरेको कृषि ज्ञान केन्द्रका प्रमुख बिनोद हमालले बताए । मुख्य खाद्यान्नतर्फकै मकै बाली २६ हजार ५१० हेक्टरमा लागउँदा ८४ हजार ८३२ मेट्रिकटन उत्पादन हुने गरेकोमा पछिल्लो समय जिल्लामा १५ हजार ५४४ हेक्टरमा ४९ हजार २७५ मेट्रिकटन उत्पादन हुन्छ भन्ने तथ्याङ्क सार्वजनिक गरिएको छ । पाँच हजार ५६० हेक्टर क्षेत्रफलमा १० हजार मेट्रिकटन उत्पादन हुने गहुँ खेती घटेर दुई हजार ४५० हेक्टर क्षेत्रफलमा ७ हजार ३५० मेट्रिकटनमा सिमित भएको केन्द्रले जनाएको छ । १६ हजार ३५० हेक्टर जमिनमा १७ हजार ९८५ मेट्रिकटन कोदो उत्पादन हुँदै आएको जिल्लामा पछिल्लो तथ्याङ्क अनुसार घटेर पाँच हजार ५८३ हेक्टरमा ७ हजार ५९२ मेट्रिकटन उत्पादन हुँदै आएको केन्द्रले जनाएको छ । चार वर्षअघि एक हजार ६ सय हेक्टरमा एक हजार ७४३ मेट्रिकटन उत्पादन हुँदै आएको दलहन बाली पछिल्लो समय एक हजार ३८५ हेक्टरमा एक हजार ५९२ मेट्रिकटन उत्पादन हुने गरेको केन्द्रले जानकारी दिएको छ । स्याङ्जाको खेतीयोग्य जमिन र उत्पादन क्षमताबारे विगतका तथ्याङ्क यर्थाथमा आधारित नभएको केन्द्रका कृषि अधिकृत तथा कृषि अर्थविज्ञ नारायण पाठकले बताए । 'विगतका तथ्याङ्कहरु अति परम्परामा आधारित र अबैज्ञानिक थियो ।' अधिकृत पाठकले भने, 'जीपिएसमा आधारित हुनुपर्ने पछिल्लो तथ्याङ्कलाई हामीले सक्दो आधुनिक र बैज्ञानिक बनाएका छौं ।' जिल्लामा धान, गहुँ, मकै र कोदो उत्पादन हुने जग्गा ह्वात्तै घटेको छ भने फलफूल र तरकारी लगाउने जमिनसँगै उत्पादनमा वृद्धि भएको अधिकृत पाठकले बताए । ९५२ हेक्टर क्षेत्रफलमा १३ हजार ५५७ मेट्रिकटन उत्पादन हुँदै आएको आलु लगाउने जमिनसँगै उत्पादन वृद्धि भएको छ । पछिल्लो तथ्याङ्क अनुसार जिल्लामा एक हजार ९३१ हेक्टरमा ३३ हजार ५४ मेट्रिकटन आलु उत्पादन हुँदै आएको छ । जिल्लामा पछिल्लो समय आलु प्रवर्द्धनमा स्थानीय तहसँगै सरकारी निकायले कृषकसँग हातेमालो गर्दै उत्पादन वृद्धिमा केन्द्रित छन् ।

विगतमा दुई हजार १७५ हेक्टरमा २१ हजार १६५ मेट्रिकटन फलफूल उत्पादन हुँदै आएको स्याङ्जामा पछिल्लो समय चार हजार ४३४ हेक्टर क्षेत्रफलमा ४० हजार मेट्रिकटन उत्पादन हुने गरेको केन्द्रका कृषि अधिकृत विकास विकले बताए । कुल ४० हजार मेट्रिकटन फलफूल उत्पादन हुने जिल्लामा राष्ट्रिय कृषि आधुनिकीकरण परियोजना र ज्ञान केन्द्रले प्राथमिकता दिदै आएको सुन्तलामात्रै झण्डै ३२ हजार मेट्रिकटन उत्पादन हुँदै आएको अधिकृत विकले सुनाए । तरकारी बाली दुई हजार ६७४ हेक्टरमा ३५ हजार १४३ मेट्रिकटनबाट बढेर तीन हजार ११९ हेक्टर क्षेत्रफलमा ४५ हजार १६३ मेट्रिकटन उत्पादन हुँदै आएको छ । ८ सय हेक्टरमा ७ हजार ९४२ मेट्रिकटन उत्पादन हुँदै आएको मसलाबाली बढेर ९७० हेक्टरमा १० हजार ६७० मेट्रिकटन उत्पादन भएको तथ्याङ्क सार्वजनिक गरिएको छ। ३३१ हेक्टरमा २६८ मेट्रिकटन उत्पादन हुँदै आएको तेलहन बाली पछिल्लो तथ्याङ्क अनुसार बढेर ६८८ हेक्टर क्षेत्रफलमा ७६३ मेट्रिकटन उत्पादन हुने गरेको तथ्याङ्क सार्वजनिक छ । 'विगतका तथ्याङ्कहरु परम्परावादी र अबैज्ञानिक छन् नै ।' अधिकृत विकले भने, 'बढ्दो सहरीकरण, बसाइँसराइ, युवा पलायन, वन्यजन्तुको समस्या, जलवायु परिवर्तनका कारण केही क्षेत्रमा खेती विस्थापित भएको अवस्था छ ।' खण्डिकृत जग्गा भएका कारण खेती गर्ने भन्दा खेती नगर्ने परिवारसँग बढि जग्गा भएको र उत्पादनका लागि पूर्वाधार पर्याप्त हुन नसक्दा खेतीयोग्य जमिनको क्षेत्रफल घटेको अधिकृत विकले बताए ।

# नेपालमै पहिलोपटक स्याङ्जामा ध्वनि चिकित्सा

**पोखरापत्र संवाददाता**
स्याङ्जा, ८ मंसिर

स्याङ्जाको अर्जुनचौपारी गाउँपालिकामा नेपालमै पहिलोपटक ध्वनि चिकित्सा पद्धती (माध्यम) बाट उपचार सेवा सुरु गरिएको छ । गाउँपालिकाले 'साउण्ड हिलिङ सेन्टर' स्थापना गरी ध्वनि चिकित्सा पद्धतीबाट उपचार सेवा सुरु गरेको हो ।

अर्जुनचौपारी गाउँपालिका-१ मा स्थापित नेपालकै पहिलो नवग्रह मन्दिर परिसरमा ध्वनि चिकित्सा पद्धती संचालनमा आएको छ । मानिसमा कार्य ब्यस्तता बढेसँगै तनाव बढ्दै जाने र जसले शरीरका महत्वपूर्ण ऊर्जाहरु क्षीण भई रोगविरूद्ध लड्ने प्रतिरक्षा प्रणाली कमजोर बन्दै जाँदा ध्वनि चिकित्सा पद्धतीको उपचार वरदान साबित हुन अपेक्षा गरिएको छ ।

विभिन्न सप्त धातुहरुबाट निर्मित उपकरणको प्रयोगबाट मानिसको शरीर, मन र आत्मालाई ध्वनिको माध्यमबाट शुद्धगरी सप्त चक्रलाई क्रियाशिल गरिन्छ । ध्वनिबाट सकरात्मक सोंचको सृजना गराएर विकास गराउँदै उर्जा प्रदान गर्ने पद्धती नै ध्वनि चिकित्सा हो । गाउँपालिकाद्वारा संचालित नवप्रवर्तनशिल कार्यमध्ये ध्वनी चिकित्सा पद्धतीले अर्जुनचौपारीलाई वेलनेश टुरिजमको गन्तव्य बनाएर विकासका गतिविधि संचालन गर्ने गाउँपालिकाले योजना बनाएको छ । गाउँपालिकाकी उपाध्यक्ष सपना गुरुङले नेपालमै पहिलो पटक शुरु गरिएको ध्वनी चिकित्सा पद्धतीलाई आगामी दिनमा नवग्रह मन्दिरमा आउने भक्तजनलाई समेत सेवा उपलब्ध गराउने गरी योजना बनाएको सुनाईन् । ध्वनि उपचार पद्धति प्राचीन प्राकृतिक चिकित्सा पद्धति हो । ध्वनि उपचारले शरीरको ऊर्जा क्षेत्र र चक्रहरुसँग सीधा सरोकार राख्छ । जब ऊर्जा क्षेत्र र चक्र सन्तुलित हुन्छ मानव शरीर स्वस्थ बन्दै जान्छ भन्ने विश्वास गरिन्छ । उपचारपछि शरीरले स्वतः आफ्नो प्राकृतिक क्षमतामा क्रियाशिल बन्दैजाँदा मानिस स्वच्छ बन्दै जाने बताईन्छ ।

ध्वनि उपचारमा मस्तिष्क र स्नायु प्रणालीलाई प्रभाव पार्न विशेष तरङ्गको प्रयोग गर्छ । सोही तरङ्गको फ्रिक्वेन्सीले मस्तिष्क र स्नायु प्रणालीलाई सन्तुलनमा ल्याउने काम गर्छ भन्ने विश्वास छ । निष्कृय भएका शरीरका विभिन्न अंगमा ध्वनिले ऊर्जाशिल बनाउदै सन्तुलन पुनःस्थापित गराउन उपचार सहयोगी बन्ने गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत युवराज अर्यालले बताए ।

शरीर र मनमा भएका अनेकौं विकारजन्य वस्तुलाई ध्वनि उपचारबाट निराकरण गर्न सकिन्छ । जसमा चिकित्सकले एक वा सोभन्दा बढि कचौरा बजाएर ध्वनि उपचार गर्ने गर्दछन् । कचौरा, मन्दिरका घण्टीहरु र सोही प्रकृतिका वाद्ययन्त्रहरुको सहायताले ध्वनि उपचार गरिदै आएको छ । ध्वनि स्नानले क्रोध, रिस, ईर्ष्याबाट छुटकारा पाईन्छ । ध्वनिले मन र शरीरलाई स्थिर र चङ्गा बनाउछ । हरेक ध्वनिको लय र आवाजमा फरकपन भेटिने गरेको बताईन्छ । ध्वनि उपचार भनेको गुञ्जन हो । उपचारका लागि गाउँपालिकाले छुट्टै कक्ष, उपकरण सहित तालिम प्राप्त जनशक्तिको समेत ब्यवस्थापन गरिसकेको गाउँपालिकाले जनाएको छ ।

# भीरकोटद्वारा आलु र गहुँको बीउ वितरण

पोखरापत्र संवाददाता
स्याङ्जा ८ मंसिर

स्याङ्जाको भीरकोट नगरपालिकाले कृषकलाई अनुदानमा आलु र गहुँको बीउ वितरण गरेको छ । नगरपालिकाले ५० प्रतिशत अनुदानमा विभिन्न जातका आलु र गहुँको बीउ वितरण गरेको हो ।

५० प्रतिशत अनुदानमा एमएम जातको ८० किलो, जनकदेव जातको ११२ क्विन्टल, कार्डिनल जातको १३० क्विन्टल आलुको बीउ वितरण गरिएको छ भने गौतम जातको १८०, स्वर्गद्धारी जातको दुई हजार ४४२ किलो सहित दुई हजार ६२२ किलोग्राम गहुँको बीउ वितरण गरिएको नगरपालिकाले जनाएको छ । कृषकलाई व्यावसायिक रुपमा कृषिक्षेत्रमा अभिवृद्धि गर्न आलु र गहुँको बीउ वितरण गरिएको नगरप्रमुख गोविन्दकुमार कर्माचार्यले जानकारी दिए । कृषि नै समृद्धिको आधार भएकाले कृषकलाई व्यावसायिक रुपमा अगाडि बढाउनका नगरपालिकाले बीउविजन वितरण, प्राविधिक र बजारीकरणको सहजीकरण गर्दै आएको छ । आलु, गहुँ, तोरी र धान उत्पादनका लागि भीरकोट नगरपालिका जिल्लाकै पकेट क्षेत्र हो । भीरकोटमा गत वर्ष धानको झडै १७ हजार, आलुको १४ हजार र गहुँको चार हजार किलाग्राम बीउमात्रै उत्पादन भएर बिक्री भएको थियो । अन्य पालिकाको तुलनामा भीरकोटले धान, आलु, गहुँ र सुन्तला बढि मात्रामा निर्यात गर्दै आएको छ ।

# किसानलाई सुन्तला ढुवानी सधैँको समस्या

पोखरापत्र संवाददाता
दमौली, ८ मंसिर

देवघाट गाउँपालिका-३ का सुन्तला उत्पादक किसानलाई ढुवानीको समस्या सधैँको पिरलो बनेको छ । यहाँबाट करोडौ मूल्यका सुन्तला बिक्री हुने गरे पनि ढुवानीको समस्या भने सधैँ झेल्नुपरेको छ ।

यहाँ उत्पादित सुन्तला तनहुँ, पोखरा, चितवन, काठमाडौँसम्म पुग्ने गरेको छ । यस वडाको छिपछिपे, बाटक, छापस्वाँरा, दगरा, लुङ्ग्रिङबाट करोडौँ मूल्य बराबरको सुन्तला उत्पादन हुने गरेको किसान रणबहादुर मगरले जानकारी दिनुभयो । सुन्तला बजारसम्म पुऱ्याउन भने सधैँ समस्या झेल्नुपरेको उहाँको गुनासो छ । उहाँले भन्नुभयो, "यहाँका किसानको मुख्य आम्दानी सुन्तलाखेती नै हो । कालीगण्डकी, सेतीमादी र त्रिशूली नदीले घेरिएको उक्त वडामा जान कुनै पनि नदीमा पक्की पुल बनेको छैन । पक्की पुल नहुँदा उक्त उत्पादित करोडौँ मूल्यको सुन्तला बजारसम्म पुऱ्याउन सकस हुने गरेको छ ।" सुन्तलाको बोटमा रोग लागेर यसवर्ष उत्पादनमा कमी भए पनि आम्दानी भने गत वर्ष भन्दा ३० प्रतिशत बढी भएको उहाँले बताउनुभयो ।

गत वर्षमा मङ्सिरको दोस्रो साता सुन्तला बजार पठाउने गरिए पनि यसवर्ष भने पहिलो सातामै सुन्तला बजार पठाइएको किसान प्रेमबहादुर मगरले बताउनुभयो । उहाँका अनुसार प्रति क्रेट रु एक हजार चार सयमा सुन्तला बिक्री भएको छ । उहाँले भन्नुभयो, "बजारसम्म सुन्तला पुऱ्याउन बाटो र पुलको अभाव र भरियामार्फत ढुवानी गर्दा बढी खर्च लाग्ने गर्छ । सुन्तला बजार पुऱ्याउन नाल्दी र गाईघाटमा पुल नहुँदा यहाँका किसानले कोटा, बैदी तथा साराङघाटको बाटो प्रयोग गरी दमौली हुँदै काठमाडौँ पठाउने गरेका छन् ।" किसान भीमबहादुर रानाले सिधा सडक सञ्जाल विस्तार नभएकाले घुमाउरो बाटो प्रयोग गर्दा किसानले दोब्बर भाडा तिर्नुपरेको गुनासो गर्नुभयो । उहाँले भन्नुभयो, "केही किसानले मुग्लिन-नारायणगढ सडकको गाईघाटसम्म जीपमा ल्याएर त्यहाँबाट बोकाएर झोलुङ्गे पुल तारेर राजमार्गसम्म ल्याउने गर्छन् । छापस्वाँरा, दगराका किसानले ग्राभिटी रोपवेमार्फत बुद्धसिंह मार्गमा लगेर त्यहाँबाट दमौली हुँदै काठमाडौँ लैजाने गरेका छन् ।" सडक पहुँच अभावका कारण यहाँका किसानले बिचौलियाका माध्यमबाट दमौली, मुग्लिन, नारायणगढ र काठमाडौँसम्म बजार विस्तार गर्न बाध्य भएका छन् । यस वडाको लुङ्ग्रिङमा एकै घरबाट रु २० लाखसम्म सुन्तला बिक्री हुने गरेको बताइन्छ ।

यहाँ उत्पादित सुन्तलाका साथै अदुवा, केरा तथा अन्य फलफूल ग्राभिटी रोपवेबाटै राजमार्गसम्म लगेर बजारसम्म पुऱ्याउने गरिएको छ । साथै बाख्रा, कुखुरा तथा अन्य पशुपक्षीका लागि दाना चोकर पनि त्यहीँबाटै ल्याउने गरिएको छ ।


## ऋणीहरुलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

**प्रथम पटक प्रकाशित मिति २०८२/०८/०९**

यस **शुभेच्छा बचत तथा ऋण सहकारी संस्था लि.** का तपाई तपसिलका ऋणी सदस्यहरुले अचल सम्पत्ति धितो सुरक्षण राखि यस संस्थाबाट कर्जा लिनु भएकोमा उक्त कर्जाको नियमति रुपमा संस्थालाई बुझाउनु पर्ने साँवा, ब्याज, हर्जाना समय भित्र नबुझाई यस संस्थासँग गर्नु भएको सम्झौता तमसुकको शर्त उल्लङ्घन गरी बस्नु भएको र पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत आफुले बुझाउनु पर्ने पुरा रकम नबुझाउनु भएको हुँदा यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको ३५ दिनभित्र यस संस्थालाई बुझाउनु पर्ने साँवा, ब्याज, हर्जाना बुझाउनु हुन यो सूचना जारी गरिएको छ । अन्यथा तपाइ ऋणी सदस्य तथा जमानत बस्ने सदस्यहरुले यस संस्थालाई सुरक्षण वापत लेखि दिएको र धनजमानीको चल अचल सम्पत्तिबाट सहकारी ऐन, नियमावली, संस्थाको विनियम तथा ऋण नीति तथा प्रचलित कानुन बमोजिम धितो लिलाम बिक्री गरी संस्थाको लेना रकम असुल उपर गर्ने व्यहोरा समेत सम्बन्धित ऋणी सदस्य तथा धन जमानत दिने सदस्यहरुलाई यसै सूचना मार्फत सूचित गरिन्छ ।

**तपसिल**

| क्र.स. | ऋणीहरुको नाम ठेगाना | धितो सम्पत्तिको विवरण | धन जमानी |
|---|---|---|---|
| १. | **नाम : सुन्तली किसान**<br>पति : दिपेन्द्र हरिजन<br>ससुरा : डम्बर बहादुर<br>ना.प्र.नं.: ५०-०१-७२-०३५००<br>जारी मिति : २०७२।०९।०१, बाग्लुङ<br>ठेगाना : नारायणस्थान ३, नमुनाटोल, बाग्लुङ | साविक : कास्कीकोट १<br>हाल : (पोखरा-२४), कास्की<br>कि.न. : १५१२<br>क्षेत्रफल : १-६-२-२ (७१९.३६ ब.मि.) | नाम : भिम प्रसाद सुवेदी(च्वाई),<br>ना.प्र.नं.: ५७४७१<br>जारी मिति : २०५४।०७।२७, कास्की<br>साविक : कास्कीकोट वडा नं. १<br>हाल : पोखरा म.न.पा. २४, कास्की |
| २. | **नाम : बसन्ती नेपाली**<br>पति : शंकर सार्की<br>ससुरा : हस्ते<br>ना.प्र.न. : ५१-०१-७०-०२५४१<br>जारी मिति : २०७०।०४।०१, बाग्लुङ<br>ठेगाना : बाग्लुङ न.पा. १४,<br>नमुनाटोल, बाग्लुङ | साविक : कास्कीकोट-१<br>हाल : पोखरा २४, कास्की<br>कि.न. : १५१६<br>क्षेत्रफल : ०-१४-१-१<br>(४५५.०० ब.मि) | १. नाम : लिला कुमारी सिंजाली,<br>ना.प्र.नं.: ५२२६<br>जारी मिति : २०५९।७।६/म्याग्दी<br>ठेगाना : वेगखोला ४, म्याग्दी<br>हाल : पोखरा ०२, बिन्दबासिनी मार्ग<br>२. नाम : मिना कुमारी नेपाली<br>ना.प्र.नं.: ५१३०२७/३२<br>जारी मिति : २०६३।११।०५/पर्वत<br>ठेगाना : पिपलटारी ७, पर्वत ।<br>दग्नाम १, म्याग्दी<br>हालः पोखरा ०२, बिन्दबासिनी मार्ग |
| ३. | **नाम : भार्गवी राजभण्डारी प्रधान**<br>पति : डिल्लिराज राजभण्डारी<br>ससुरा : कृष्णराज राजभण्डारी<br>ना.प्र.नं. २८२४१<br>जारी मिति : २०५१।०८।०२, कास्की<br>ठेगाना : पोखरा वडा नं ३, तेर्सापट्टि | साविक : पुरुन्चौर वडा नं ७<br>हाल : पोखरा वडा नं १९<br>कि.नं. : १३७६, १३७८<br>क्षेत्रफलः ०-५-०-२ (१६२.९३ व.मि.)<br>: ०-६-०-० (१९०.७४ व.मि.) | नाम : डिल्लीराज राजभण्डारी<br>बुबा : कृष्णराज राजभण्डारी<br>बाजे : भिमलाल राजभण्डारी<br>ना.प्र. नं : २३४३२<br>जारी मिति : २०५०।१०।२१, कास्की<br>ठेगाना : पोखरा वडा नं ३, तेर्सापट्टि |
| ४. | **नाम : मिठु परियार**<br>बुबा : बल बहादुर परियार<br>बाजे : पदम बहादुर परियार<br>ना.प्र.नं.: ४६-०१-७०-०९७०५<br>जारी मिति : २०७०।११।२२, कास्की<br>ठेगाना : पोखरा वडा नं ६, लेकसाइड | साविक लुकुमश्वंारा वडा नं .१<br>हाल : पोखरा वडा नं २२<br>कि.नं. ४३१५ ,४३१६,४३१७<br>क्षेत्रफल :४-०-०-० (२०३४.९६ व.मि.)<br>: २-०-०-० (१०१७.४८ व.मि.)<br>: २-५-२-० (११९२.३३ व.मि.) | नाम : करुणा शेरचन<br>पति : निरज शेरचन<br>ससुरा : ललित बहादुर शेरचन<br>ना.प्र.नं. २३१<br>जारी मिति : २०४४।०३।१६, कास्की<br>ठेगाना : पोखरा वडा नं ९, नयाँबजार |
| ५. | **नाम : पार्वती गिरी**<br>पति : चन्दन गिरी<br>ससुरा : उदौ गिरी<br>ना.प्र.नं.: १४५९१९<br>जारी मिति : २०६१।०१।०३, कास्की<br>ठेगाना : पोखरा वडा नं ८, जाल्पारोड | साविक : कास्कीकोट १<br>हाल : पोखरा २४, कास्की<br>कि.न.: ६८६ , २१०३<br>क्षेत्रफल :४-१२-०-२ (२४२०.४९ ब.मि)<br>:११-१०-०-० (५९१४.१० ब.मि) | नाम : अश्विन गिरी<br>बुबा : चन्दन गिरी<br>बाजे : उदौ गिरी<br>ना.प्र.नं.:४६-०१-७२-००५००<br>जारी मिति : २०७२।०१।२२,कास्की<br>ठेगाना : पोखरा वडा नं ८, जाल्पारोड |

**शुभेच्छा बचत तथा ऋण सहकारी संस्था लि.**
पोखरा-३, तेर्सापट्टी, फोन नं.: ०६१-५८४६१५, ९८५६०१४६१५


# तीन हजार दुई सय मिटर उचाइमा रहेका जलजलामा ताल बनाउन सम्भाव्यता अध्ययन

पोखरापत्र संवाददाता
म्याग्दी, ८ मंसिर



म्याग्दी, पर्वत र कास्की जिल्लाको सिमानामा रहेको प्राकृतिक एवम् धार्मिक पर्यटकीयस्थल कालाञ्जर हम्पालको जलजला क्षेत्रमा ताल निर्माण गर्न सम्भाव्यता अध्ययन थालिएको छ ।

म्याग्दीको अन्नपूर्ण गाउँपालिका, पर्वतको जलजला गाउँपालिका, मोदी गाउँपालिका र कास्की जिल्लाको अन्नपूर्ण गाउँपालिकासम्म फैलिएको जलजला क्षेत्रमा पर्यटकलाई आकर्षित ताल निर्माणका लागि अध्ययन थालिएको हो । जलजला गाउँपालिकाका उपाध्यक्ष दीपक आचार्यले तीन हजार दुई सय मिटर उचाइमा रहेको खुला घाँसे मैदान र पहाडी भू-आकृतिले भरिपूर्ण उक्त क्षेत्रलाई दीर्घकालीन रुपमा धार्मिक तथा पर्यटकीयस्थलका रुपमा विकास गर्न अध्ययन सुरु गरिएको जानकारी दिनुभयो । चालु आर्थिक वर्षमा सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना कार्यालय पोखराबाट सम्भाव्यताको अध्ययन र विस्तृत परियोजना प्रतिवेदन (डिपीआर) तयार पार्न रु ४० लाख बजेट विनियोजन भएको छ । सम्भाव्यताको अध्ययन गर्नका लागि कार्यालयका प्रमुख विदुरमान श्रेष्ठको नेतृत्वमा जलजला गाउँपालिकाका उपाध्यक्ष आचार्यसहितका जनप्रतिनिधि तथा राजनीतिक दलका प्रतिनिधि र कर्मचारी सहितको टोलीले ताल निर्माणस्थलको गत हप्ता स्थलगत निरीक्षण गरेको छ । टोलीले प्रस्तावित ताल निर्माणस्थलको भौगोलिकस्वरूप, सम्भाव्यता, वातावरणीय असर, जलस्रोत उपलब्धता तथा दीर्घकालीन प्रभावको प्रत्यक्ष अवलोकन गरेको उपाध्यक्ष आचार्यले बताउनुभयो । उहाँका अनुसार ताल निर्माणका लागि उपयुक्त देखिएको र जलस्रोत व्यवस्थापन तथा सुरक्षाका उपायका बारेमा पनि विस्तृत छलफल भएको छ ।

ताल निर्माण सम्पन्न भएमा कालाञ्जर-हम्पाल र जलजला क्षेत्र धार्मिकस्थलका रूपमा मात्र नभइ आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित गर्ने प्रमुख गन्तव्य बन्न सक्ने आयोजना कार्यालय पोखराका प्रमुख श्रेष्ठले बताउनुभयो । हम्पाल र जलजलाबाट धौलागिरि, अन्नपूर्ण, माछापुच्छ्रे लगायतका हिमाल तथा म्याग्दी, पर्वत र बागलुङका रमणीय भूगोलको दृश्य अवलोकन गर्न सकिन्छ । हिन्दू धर्मग्रन्थ अग्नि, गरुड, कूर्म, वाराह, स्कन्द, शिवमहा, पद्म, बृहन्नारदीय, लिङ्ग, मत्स्य, महाभारत र श्रीमद्भागवतमा हम्पाल र कालञ्जरको प्रसङ्ग उल्लेख भएको कालीगण्डकी क्षेत्रको संस्कृति र सम्पदाको अध्यता प्राडा जगन्नाथ रेग्मीले बताउनुभयो । उहाँका अनुसार धार्मिकग्रन्थमा जलजला क्षेत्रलाई ऋषिमुनिले तपस्या गरेर ज्ञान आर्जन गरेको र यहाँको जडीबुटी औषधिका रूपमा प्रयोग गरेको उल्लेख छ । यस क्षेत्रको भ्रमण गरेमा पुण्य मिल्ने, तपस्या गर्दा सिद्धी प्राप्ति हुने र पिण्डदान गर्नाले पितृहरूले सद् गति प्राप्त गर्ने धार्मिकग्रन्थहरूमा बताइएको छ । पहाडका टाकुरामा अवस्थित जलजलाको खोचमा सिम छ । खोचको पृष्ठभूमिमा अन्नपूर्ण हिमाल देखिन्छ । बोझो, सतुवा, चिराइतो, अमिली, ब्राह्मी (भोलटाप्रे), पाषणभेद, जेठीमधु, पदमचाल्नु, निरमसी, जटामसी, टिमुर, सिल्टिम्मुरलगायत जडीबुटी पाइने जलजला जैविक विविधतायुक्त स्थल हो । यहाँको पाखामा मृगको बथान भेटिन्छन् । डाँफे, मुनाल, कालिज, च्याखुरा, गिद्ध, लुइचे, हुकेचरा, दुम्सी, लाटोकोसेरो आदि पक्षी अवलोकन गर्न पाइन्छ । म्याग्दीको अन्नपूर्ण गाउँपालिकाको घोडेपानी, पुनहिल, मोहरेडाँडा, नागी र पर्वतको मोदी गाउँपालिकातर्फबाट जलजलालाई पदमार्गले जोडिएको छ । पर्वतको जलजला गाउँपालिकाको लेकफाँट, शालिजातर्फबाट जलजलासम्म कच्ची सडक पुगेको छ ।


## सूर्य ब्लेण्डर्स प्रा. लि.
## आँबु खैरेनी, तनहुँ

### मूल्य सूची सम्बन्धी सूचना

यस उद्योगबाट उत्पादित उल्लेखित ब्राण्डका मदिरा नेपाल अधिराज्य भित्र बिक्री वितरण गर्न आ.व. २०८२।०८३ का लागि मिति २०८२।०८।०९ देखि लागू हुने गरी निम्न बमोजिम मूल्य संशोधन गरिएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । प्रकाशित मूल्यमा अन्तःशुल्क र मू.अ.कर समेत समावेश गरिएको छ ।

| ब्राण्ड | मि.लि. | यु. पी. | रिजनल डिष्ट्रिब्युटर्स मूल्य प्रति कार्टुन | रिजनल डिष्ट्रिब्युटर्स कमिशन प्रति कार्टुन | डिष्ट्रिब्युटर्स मूल्य प्रति कार्टुन | डिष्ट्रिब्युटर्स कमिशन प्रति कार्टुन | होलसेल मूल्य प्रति कार्टुन | होलसेल कमिशन प्रति कार्टुन | रिटेल मूल्य प्रति कार्टुन | रिटेल कमिशन प्रति कार्टुन | उपभोक्ता मूल्य प्रति कार्टुन | उपभोक्ता मूल्य प्रति बोतल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| IMAGE carbon Black / Premium | 500 | 50 | 6350.00 | 150.00 | 6500.00 | 320.00 | 6820.00 | 380.00 | 7200.00 | 900.00 | 8100.00 | 450 |
| IMAGE carbon Black / Premium | 180 | 50 | 6350.00 | 150.00 | 6500.00 | 320.00 | 6820.00 | 380.00 | 7200.00 | 960.00 | 8160.00 | 170 |
| Twenty- Twenty | 180 | 50 | 6250.00 | 150.00 | 6400.00 | 250.00 | 6650.00 | 350.00 | 7000.00 | 680.00 | 7680.00 | 160 |

नोटः उपरोक्त बिक्री मूल्यहरुमा व्यवसायको अवश्यकता अनुसार विभिन्न व्यापारिक एवम् अन्य छुटहरु र हाल अनुमान गर्न नसकिने खर्चहरुको सोधभर्ना दिन सकिने छ ।